PCU 2.14 क्रियाकलाप २०७९/८०

स्थानीय तहको लागि विषयगत मापदण्ड तथा श्रोत पुस्तिका तयारी/परिमार्जन गर्ने

Develop/improve model guidelines / policy on health, agriculture, drinking water system, protection from disaster, MIS etc for PLGs (on request)

***Narrative of this activity***

**Activity 2.14 Develop/improve model guidelines / policy on health, agriculture, drinking water system, protection from disaster, MIS etc for PLGs (on request)**

**Narrative and Implementation Arrangement (PCU)**

Narrative: **i) Health:** This is about developing /updating the policy guidelines on health sector under the new federal structure by MoFAGA for LGs. The roles and responsibilities of the local governments on managing and delivering services have been defined from the perspectives of federal governance systems. New issues arose including addressing the health service needs of the citizens. This requires developing policy guidelines for effective delivery of the health services for local governments. This activity is planned to develop a policy guideline on delivering health services addressing the context and opportunities created by implementing the federal governance system.

**ii) Agriculture**: This activity is planned to develop policy guidelines on delivering agriculture related services to citizens for the local government in line with the provision of Local Government Operation Act 2074. The policy guideline will address the sectoral issues related to delivering the services, roles and responsibilities and opportunities of the local government that arose in the federal context.

**iii) Drinking Water System (DWS):** This activity is planned to develop policy guidelines on delivering DWS to citizens for the local government in line with the provision of Local Government Operation Act 2074. The policy guideline will address the sectoral issues related to delivering the services, roles and responsibilities and opportunities of the local government arising in the federal context.

**iv) Protect from disaster**:  Local governments are at forefront to face the shock of different disasters and to provide the people with pre-, during and post- disaster support services. There are also different networks and sub-committees functioning in the disaster-related space at the local level, resulting in a need to coordinate all relevant institutions to mobilize resources to manage disasters at the local level. This activity is planned to develop disaster management guidelines for LGs with clear strategies of coordination, resource mobilization, access to relevant information, support services and identifying the relevant institutions

with roles and responsibilities to better manage the disaster and save lives and livelihoods of the people.

**v) IT system harmonization for PLGs:** There are numerous policy papers and guidelines prepared at federal level in regards to ICT and e-governance. Policies and guidelines need to be localized for the province and local government's ICT ecosystem. Various systems have been developed at PLGs, which need to be in-line with the national and the proposed localized policies and guidelines to ensure. A comprehensive study is therefore needed to see if the IT systems at PLGs are harmonized in line with the Local Government Operation Act 2074 and to propose the required guidelines and action plan to ensure such harmonization.

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

Provincial and Local Governance Support Programme (PLGSP)

स्थानीय तहको लागि नमूना विषयगत मापदण्ड तथा स्रोत पुस्तिका तयारी / परिमार्जन गर्ने ।

(ASIP Activity 2.14)

कार्यशर्त (Terms of Reference)

## १. परिचय

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) सङ्घीय सुशासनमा केन्द्रीत नेपाल सरकारको प्रमुख राष्ट्रिय कार्यक्रम हो । यो कार्यक्रम संघ, प्रदेश तथा स्थानीय सरकारको संस्थागत, संगठनात्मक र जनशक्तिको क्षमता विकासमा केन्द्रित छ । PLGSP ले छाता कार्यक्रमका रूपमा प्रदेश तथा स्थानीय तहमा सङ्घीयताको संस्थागत विकास र सुदृढीकरणको लागि सहयोग गर्ने गर्दछ । यस कार्यक्रमले मुलतः अन्तरसरकारी समन्वय, स्थानीय सरकार सञ्चालन प्रणाली, संस्थागत क्षमता, नेतृत्वको सशक्तीकरण र स्थानीय सहभागिता र उत्तरदायित्व जस्ता क्षेत्रहरूलाई समेटेको छ । जस अन्तर्गत यस कार्यक्रमले मुलतः अन्तरसरकारी समन्वय, स्थानीय सरकार सञ्चालन प्रणाली, संस्थागत क्षमता, नेतृत्वको सशक्तीकरण र स्थानीय सहभागिता र उत्तरदायित्व जस्ता क्षेत्रहरूलाई समेटेको छ ।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहहरू बिचको सहसम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित रहने व्यवस्था गरेको छ । यस मूल व्यवस्थालाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्नु गरी स्थानीय तहको अधिकारको कानूनी व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको छ ।

स्थानीय सरकार सञ्चलान ऐन, २०७४ ले स्थानीय तहको काम कर्तव्य र अधिकार अन्तर्गत स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन, स्थानीयस्तरका विकास आयोजना तथा परियोजना, आधारभुत र माध्यमिक शिक्षा, आधारभुत स्वास्थ्य र सरसफाई, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण, खानेपानी, साना जलविद्युत, विपद व्यवस्थापन, सञ्चार सेवा लगायतको व्यवस्था गरेको छ । यी उल्लेखनीय कार्यहरू सम्पादन गर्न सहजताका लागि आवश्यक मानक, स्रोत सँगालो, स्थापित मापदण्ड र कार्यविधि बनाउनु उपयुक्त हुन्छ । यसै उद्देश्यले स्थानीय तहका लागि विभिन्न विषयगत नमूना मापदण्ड तथा स्रोत पुस्तिका तयारी तथा परिमार्जन गर्ने क्रियाकलाप यस आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रममा रहेको छ ।

यस सन्दर्भमा, स्थानीय तहहरूको लागि आवश्यक देहायमा उल्लिखित नमूना विषयगत मापदण्ड तथा स्रोत पुस्तिका तयारी तथा परिमार्जन गर्ने क्रियाकलापको लागि यो कार्यक्षेत्रगत विवरण तयार गरिएको छ ।

**२. उद्देश्य**

- स्थानीय तहमा दैनिक सम्पादन हुने मुख्य क्रियाकलापमध्ये स्वास्थ्य, कृषि, खानेपानी तथा सरसफाई, सूचना प्रविधि र विपद् व्यवस्थापन सम्बन्धी नमूना मापदण्ड तथा स्रोत पुस्तिका तयार गर्नु यस क्रियाकलापको उद्देश्य रहेको छ । यस प्रकारका मापदण्डतथा स्रोत पुस्तिकाको माध्यमबाट स्थानीय तहको सम्बन्धित विषयमा क्षमता अभिवृद्धि भई कार्यसम्पादनमा प्रभावकारिता र एकरूपता समेत आउने अपेक्षा गरिएको छ ।
-

३. अपेक्षित उपलब्धि

स्थानीय तहको लागि देहायका विषयमा मापदण्ड तथा श्रोत पुस्तिका तयारी भएको हुनेछः

क) स्वास्थ्य

ख) कृषि

ग) खानेपानी तथा सरसफाई

घ) सूचना प्रविधि

ङ) विपद व्यवस्थापन

४. **अध्ययनको क्षेत्र/दायरा**

- नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को सान्दिर्भक व्यवस्था अध्ययन विश्लेषण गर्ने
- नेपाल सरकारबाट स्वीकृत कार्यविस्तृतीकरण प्रतिवेदनको अध्ययन गरी तोकिएका विषयसम्बन्धी स्थानीय तहले गर्नुपर्ने क्रियाकलाप, तिनको प्रक्रिया र अभ्यासको विश्लेषण गर्ने
- विषयगत संघीय एवम् प्रदेश मन्त्रालयबाट तत् तत् विषयमा जारी गरेका कानून, विधि र प्रक्रियाको विश्लेषण गर्ने
- तोकिएका विषयको प्राविधिक पक्षको मापदण्ड, विकास पूर्वाधार, सेवा प्रवाह, क्षमता विकास लगायतका स्रोत र सामग्री संकलन गरी मापदण्ड/मानक तयार गर्ने
- विषयगत (संघ/प्रदेश/स्थानीय तीन तहको) निकायका प्रतिनिधिमूलक कार्यालय (नीतिगत तथा कार्यसञ्चालनस्तर दुवै) सँग छलफल गरी पृष्ठपोषण लिने
- तोकिएका विषयसम्बन्धी राष्ट्रिय/अन्तर्राष्ट्रिय अभ्यासको अध्ययन गरी मापदण्ड एवम् स्रोतपुस्तिका तयार गर्ने ।

**५. परामर्शदाता फर्मको योग्यताः**

यो अध्ययन कार्यको लागि इच्छुक फर्मको न्यूनतम योग्यता निम्न अनुसार हुनुपर्नेछः

- नियमानुसार दर्ता/नवीकरण भएको
- आ.व.२०७८।७९ सम्मको कर चुक्ता प्रमाणपत्र भएको

- सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव प्राप्त जनशक्ति भएको
- परामर्श सेवा उपलब्ध गराउन अयोग्य नभएको स्वघोषणा गरेको

**५.१.परामर्शदाताको न्यूनतम योग्यताः कम्तिमा निम्न अनुसारका जनशक्तिले काम गर्नुपर्नेछ ।**

| परामर्शदाता | न्यूनतम योग्यता | न्यूनतम अनुभव | कैफियत |
|---|---|---|---|
| टोली प्रमुख | मान्यता प्राप्त विश्वविद्यालयबाट जनप्रशासन, व्यवस्थापन वा सार्वजनिक प्रशासनसँग सम्बन्धित कुनै एक विषयमामा स्नातकोत्तर उपाधि प्राप्त व्यक्ति | सार्वजनिक प्रशासनको क्षेत्रमा कम्तिमा १० वर्षको अनुभव प्राप्त गरेको व्यक्ति,<br>नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धमा राम्रो ज्ञान भएको, कानुन निर्माणमा विशेष दक्षता भएको | |
| जनस्वास्थ्य विज्ञ - १ | मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक उपाधि प्राप्त गरेको | जनस्वास्थ्यका क्षेत्र  कम्तिमा ७ वर्ष काम गरेको,<br>नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धी राम्रो ज्ञान भएको | |
| कृषि विज्ञ-१ | मान्यता प्राप्त विश्वविद्यालयलयबाट सम्बन्धित विषयमा स्नातक उपाधि प्राप्त गरेको | कृषि क्षेत्रको विकासमा कम्तिमा ७ वर्ष काम गरेको,<br>नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धी राम्रो ज्ञान भएको | |
| खानेपानी तथा सरसफाई विज्ञ-१ | मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक उपाधि प्राप्त गरेको | खानेपानी तथा सरसफाईको क्षेत्रमा कम्तिमा ७ वर्ष काम गरेको,<br>नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धी राम्रो ज्ञान भएको | |
| विपद् व्यवस्थापन विज्ञ-१ | मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक उपाधि प्राप्त गरेको | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा कम्तिमा ७ वर्ष काम गरेको,<br>नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धी राम्रो ज्ञान भएको | |

| | | | |
|---|---|---|---|
| सूचना प्रविधि विज्ञ-१ | मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक उपाधि प्राप्त गरेको | सूचना प्रविधिको क्षेत्रमा कम्तिमा ७ वर्ष काम गरेको,<br>नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धी राम्रो ज्ञान भएको | |
| वरिष्ठ सहायक | कम्तिमा  स्नातक उपाधि प्राप्त  गरेको | कम्प्युटरको आधारभूत सीप भएको, प्रतिवेदनहरू अध्ययन तथा लेखन सीप भएको,<br>नेपाली भाषामा राम्रो ज्ञान भएको | |

पुनश्चः मुख्य जनशक्तिको हकमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम (६९) को खण्ड (च१) बमोजिम मनासिव कारण बाहेक परिवर्तन गर्न सकिने छैन।

## ६. कार्यविवरण, समयसीमा र अपेक्षित नतीजा

देहाय बमोजिम निर्धारित कार्यतालिका अनुसार ३ महिनाको अवधिमा कार्यसम्पादन गर्नु पर्नेछ।

| सि.नं. | कार्यविवरण | समय सीमा | जिम्मेवारी | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| १ | परामर्शदाताबाट प्रारम्भिक कार्ययोजना प्राप्त गर्ने | सम्झौता भएपछिको पहिलो हप्ता | परामर्शदाता, | प्रारम्भिक कार्ययोजना र मस्यौदा प्राप्त |
| २ | काम प्रारम्भ गर्नुपूर्व मन्त्रालयमा रहेको समितिमा उपस्थिति भई पृष्ठपोषण प्राप्त गर्ने | सम्झौता भएपछिको पहिलो हप्ता | परामर्शदाता, | सम्पादन गर्नुपर्ने कार्यका बारेमा थप स्पष्टता हुने |
| ३ | सरोकारवालाबीच छलफल गरि सूचना संकलन | सम्झौता भएपछिको चौथो हप्ता | | आवस्यक सूचना संकलन भएको हुने |
| ४ | प्रारम्भिक मस्यौदा तयार तथा छलफल | सम्झौता भएपछिको आठौं हप्ता | परामर्शदाता, | सरोकारवालाबाट पृष्ठपोषण प्राप्त भएको हुने |
| ५ | परामर्शदाताले सरोकारवालाबाट प्राप्त पृष्ठपोषणको आधारमा मस्यौदाको परिमार्जन गरी प्रतिवेदन प्राप्ति | सम्झौता भएपछिको दशौं हप्ता | परामर्शदाता, | अन्तिम मस्यौदा प्राप्त |

| | | | | |
|---|---|---|---|---|
| ६ | अन्तिम मस्यौदा प्रतिवेदन उपर मन्त्रालयमा छलफल | सम्झौता भएपछिको दशौं हप्ता | परामर्शदाता, | पृष्ठपोषण प्राप्त भएको हुने |
| ७ | अन्तिम अध्ययन प्रतिवेदन प्राप्ति | सम्झौता भएपछिको बाह्रौं हप्ता | परामर्शदाता, | अन्तिम अध्ययन प्रतिवेदन तयार हुने |

**७. प्रस्तावदाताले पेस गर्नु पर्ने कागजातहरू:**

- संस्थागत दर्ता/नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ।
- प्रचलित कानून बमोजिम दर्ता भएको प्रमाणपत्र र सोको नवीकरण / अद्यावधिक गरेको कागजातको प्रतिलिपि,
- आर्थिक वर्ष २०७८।७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- संस्थाको मु.अ.कर र स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि,
- विज्ञको शैक्षिक योग्यता र अनुभवसहितको व्यक्तिगत विवरण।
- गत आ.ब.को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि।

**८. प्रस्ताव मूल्याङ्कनका आधारहरु:**

परामर्शदाता फर्मबाट प्राप्त प्रस्तावहरू गुणस्तर तथा लागत विधिबाट मूल्याङ्कन हुनेछ । गुणस्तरको ७० प्रतिशत र लागतको ३० प्रतिशत अङ्क भार कायम गरिएको छ । प्राविधिक प्रस्ताव देहायका आधारमा मूल्याङ्कन हुनेछ:

| **i) Eligibility and Completeness Test** | **Complaince** |
|---|---|
| Copy of Registration of the company/firm | |
| VAT/PAN Registration | |
| Tax Clearance Certificate | |
| Letter of Application | |
| Applicant's Information Form | |
| Experience (as per ToR) | |
| Capacity | |
| Qualification of Key Experts and their CVs | |

| सि. नं. | विषय | पूर्णाङ्क |
|---|---|---|
| १ | संस्था प्रस्तावदाताको खास कामको अनुभव | १५ |
| २ | प्रस्तावको गुणस्तर कार्यसम्पादन गर्ने तरिका र कार्यक्षेत्रगत सर्त प्रतिको प्रभावग्राहिता | २५ |
| ३ | प्रस्ताव गरिएको विज्ञहरूको योग्यता र अनुभव (ToR मा उल्लेख भए बमोजिम) | ६० |
| **जम्मा** | | **१००** |

समयावधिः सम्झौता भएको मितिले ९० दिनको हुनेछ । प्रस्ताव स्वीकृत गरी कार्य सम्पन्न गर्न सम्झौता गरिनेछ ।

९. **प्रतिवेदनको भाषा**

अध्ययन प्रतिवेदनको भाषा नेपाली हुनेछ। **अन्तिम प्रतिवेदन पेस गर्दा नेपाली भाषाविद्बाट परीक्षण गराई भाषिक शुद्धता सुनिश्चतता समेत अनिवार्य रूपमा गर्नुपर्नेछ।**

१०.**भुक्तानी प्रक्रियाः** प्रचलित कानून तथा खरिद सम्झौता बमोजिम हुनेछ।

११.**अन्तिम प्रतिवेदन पुनरावलोकन तथा सिफारिस समितिः** परामर्शदाताबाट प्राप्त प्रतिवेदन यस कार्यशर्त बमोजिम भए वा नभएको गुणस्तर तथा प्रतिवेदनको समग्र पक्षको मूल्याङ्कन गर्दै सिफारिस गर्ने प्रयोजनका लागि निम्न अनुसारको समितिको व्यवस्था गरिएको छ।

क. राष्ट्रिय कार्यक्रम निर्देशक, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम- संयोजक
ख. सम्बन्धित विषय हेर्ने शाखा प्रमुख, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- सदस्य
ग अधिकृतस्तरको प्रतिनिधि, कोष तथा लेखा नियन्त्रकको कार्यालय- सदस्य
घ. राष्ट्रिय कार्यक्रम व्यवस्थापक, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम- सदस्य
ङ. प्रशासकीय अधिकृत, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम- सदस्य सचिव